# बागमती प्रदेश
# अर्थ बुलेटिन

वर्ष-१, अंक-२, आर्थिक वर्ष २०८३/८४ भाद्र, २०८३





## प्रमुख आर्थिक झलक

- आर्थिक वर्ष २०८३/८४ को भाद्र महिनासम्म बागमती प्रदेश सरकारको कुल खर्च वार्षिक विनियोजनको ०.९० प्रतिशत अर्थात रू. ६० करोड १७ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च ३५ करोड ९५ लाख र पुँजीगत खर्च २३ करोड १ लाख रहेको छ। अघिल्लो आर्थिक वर्षको भाद्र महिनासम्म प्रदेश सरकारको कुल खर्च रू. १ अर्ब २२ करोड २९ लाख भएको थियो।
- आर्थिक वर्ष २०८३/८४ को भाद्र मसान्तसम्म प्रदेश सरकारको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.३४ प्रतिशतले वृद्धि भई रू. ३ अर्ब ४ करोड प्राप्त भएको छ, जुन वार्षिक अनुमानको ४.५५ प्रतिशत हो। यस अवधिमा राजश्व बाँडफाँटबाट रू. २ अर्ब ३१ करोड ११ लाख, प्रदेश सरकारको आन्तरिक स्रोतबाट ६२ करोड ३४ लाख र अन्य आयबाट रू. १ करोड २५ लाख प्राप्त भऐको छ। अघिल्लो आर्थिक वर्षको भाद्र महिनासम्म प्रदेश सरकारको कुल रू. २ अर्ब ७६ करोड १३ लाख आय प्राप्त भएको थियो।
- २०८३ भाद्र महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिती ५.७७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.७२ प्रतिशत रहेको थियो।


**प्रकाशन तथा सम्पादन**

आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा


## बागमती प्रदेशको वर्तमान आर्थिक परिदृश्य

### प्रदेश सरकारको खर्च

१. आर्थिक वर्ष २०८३/८४ को भाद्र महिनासम्म बागमती प्रदेश सरकारको जम्मा रू. ६० करोड १७ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च ३५ करोड ९५ लाख र पुँजीगत खर्च २३ करोड १ लाख रहेको छ। अघिल्लो आर्थिक वर्षको भाद्र महिनासम्म प्रदेश सरकारको कुल खर्च रू. १ अर्ब २२ करोड २९ लाख भएको थियो।

**तालिका (क): पछिल्लो ३ आर्थिक वर्षको भाद्र महिनाको खर्च स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | २०८१/८२ भाद्र | २०८२/८३ भाद्र | २०८३/८४ भाद्र |
|---|---|---|---|
| चालु | ४४.६३ | ७१.०५ | ३५.९५ |
| पुँजीगत | १९.८४ | १४.६२ | २३.०१ |
| स्थानीय तह अनुदान | १३.७५ | ३६.६१ | १.२१ |
| **जम्मा खर्च** | ७८.२३ | १२२.२९ | ६०.१७ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

२. आर्थिक वर्ष २०८३/८४ को भाद्र महिनासम्म बागमती प्रदेश सरकारको कुल खर्च वार्षिक विनियोजनको ०.९० प्रतिशत भएको छ, जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५०.७९ प्रतिशतले न्यून हो। आर्थिक वर्ष २०८२/८३ भाद्र महिनासम्म भने यस्तो खर्च विनियोजनको १.१८ प्रतिशत भएको थियो। चालु आर्थिक वर्षको भाद्र महिनासम्ममा चालुतर्फ विनियोजनको २.२४ प्रतिशत र पुँजीगततर्फ विनियोजनको ०.५२ प्रतिशत खर्च भएको छ। स्थानीय तह अनुदानतर्फ (चालु) रू. १ करोड २१ लाख प्रदेशभित्रका स्थानीय तहलाई हस्तान्तरण गरिएको छ।

**तालिका (ख): पछिल्ला २ आर्थिक वर्षको श्रावण महिना सम्मको खर्चको तुलना**

| खर्च शीर्षक | २०८२/८३ भाद्र | | २०८३/८४ भाद्र | | |
|---|---|---|---|---|---|
| | खर्च रकम (रू. करोडमा) | विनियोजनको तुलनामा खर्च प्रतिशत | खर्च रकम (रू. करोडमा) | विनियोजनको तुलनामा खर्च प्रतिशत | २०८२/८३ को तुलनामा खर्च वृद्धि प्रतिशत |
| चालु | ७१.०५ | ४.०८ | ३५.९५ | २.२४ | -४९.४० |
| पुँजीगत | १४.६२ | ०.३५ | २३.०१ | ०.५२ | ५७.३८ |
| स्थानीय तह अनुदान | ३६.६१ | ४.२३ | १.२१ | ०.१८ | -९६.६९ |
| **जम्मा खर्च** | १२२.२९ | १.८१ | ६०.१७ | ०.९० | -५०.७९ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३


इमेल: arthikvislesana.moeap@bagamati.gov.np फोन नं.: ०५७-५२७५१८

३. चालु आर्थिक वर्षको भाद्र मसान्तसम्म प्रदेश सरकारको खर्च वार्षिक विनियोजनको ०.९० प्रतिशत अर्थात् रू. ६० करोड १७ लाख भएको भएको छ। श्रावण महिनामा भने प्रदेश सरकारको कुनै खर्च भएको थिएन।

**तालिका (ख): चालु आर्थिक वर्षको प्रथम २ महिनाको खर्च स्थिति**

| खर्च | वार्षिक विनियोजन (रू. करोडमा) | २०८३ श्रावण | | २०८३ भाद्र | |
|---|---|---|---|---|---|
| | | खर्च रकम (रू. करोडमा) | खर्च प्रतिशत | खर्च रकम (रू. करोडमा) | खर्च प्रतिशत |
| चालु | १६०४.६२ | ०.०० | ०.०० | ३५.९५ | २.२४ |
| पुंजीगत | ४३९७.१४ | ०.०० | ०.०० | २३.०१ | ०.५२ |
| स्थानीय तह अनुदान | ६९१.५७ | ०.०० | ०.०० | १.२१ | ०.१८ |
| **जम्मा** | **६६९३.३३** | **०.००** | **०.००** | **६०.१७** | **०.९०** |

## प्रदेश सरकारको आय

४. आर्थिक वर्ष २०८३/८४ को भाद्र मसान्तसम्म प्रदेश सरकारको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.३४ प्रतिशतले वृद्धि भई रू. ३ अर्ब ४ करोड पुगेको छ, जुन वार्षिक अनुमानको ४.५५ प्रतिशत हो। राजश्व बाँडफाँटबाट रू. २ अर्ब ३१ करोड ११ लाख, प्रदेश सरकारको आन्तरिक स्रोतबाट ७२ करोड ३४ लाख र अन्य आयबाट रू. १ करोड २५ लाख प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको भाद्र महिनामा राजश्व बाँडफाँटबाट रू. २ अर्ब ८ करोड ३१ लाख, प्रदेश सरकारको आन्तरिक स्रोत बाट ६४ करोड ९१ लाख र अन्य आय रू. २ करोड ९१ लाख गरी प्रदेश सरकारलाई कुल रू. २ अर्ब ७६ करोड १३ लाख आय प्राप्त भएको थियो।

**तालिका (३): प्रदेश सरकारको वार्षिक अनुमान र भाद्र महिनासम्मको आय**

| आय शीर्षक | आर्थिक वर्ष २०८३/८४ को वार्षिक अनुमान (रू. करोडमा) | भाद्र महिनासम्मको प्राप्ति (रू. करोडमा) | | २०८३/८४ को अनुमानको तुलनामा प्राप्ति प्रतिशत | २०८२/८३ को तुलनामा प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | | |
| बाँडफाँटबाट प्राप्त राजश्व | ३२६३.७६ | २०८.३१ | २३१.११ | ७.०८ | १०.९४ |
| प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजश्व | ५२५.३० | ६४.९१ | ७२.३४ | १३.७७ | ११.४४ |
| संघीय अनुदान | १५३१.४८ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| नगद मौज्दात तथा अन्य | १३७२.७९ | २.९१ | १.२५ | ०.०९ | -५७.०४ |
| **जम्मा** | **६६९३.३३** | **२७६.१३** | **३०४.७** | **४.५५** | **१०.३४** |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

५. आर्थिक वर्ष २०८३/८४ श्रावण महिनामा वार्षिक अनुमानको १.३० प्रतिशत अर्थात रू. ८७ करोड ८ लाख प्राप्त भएको थियो भने भाद्र महिनासम्म वार्षिक अनुमानको ४.५५ प्रतिशत अर्थात् रू. ३ अर्ब ४ करोड प्राप्त भएको छ।

**तालिका (ख): चालु आर्थिक वर्षको प्रथम २ महिनाको आय प्राप्ति**

| खर्च | वार्षिक अनुमान (रू. करोडमा) | २०८३ श्रावण | | २०८३ भाद्र | |
|---|---|---|---|---|---|
| | | प्राप्ति (रू. करोडमा) | प्राप्त प्रतिशत | प्राप्ति (रू. करोडमा) | प्राप्त प्रतिशत |
| बाँडफाँटबाट प्राप्त राजश्व | ३२६३.७६ | ६०.१६ | १.८४ | २३१.११ | ७.०८ |
| प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजश्व | ५२५.३० | २६.६० | ९.०६ | ७२.३४ | १३.७७ |
| संघीय अनुदान | १५३१.४८ | ०.०० | - | ०.०० | ०.०० |
| नगद मौज्दात तथा अन्य | १३७२.७९ | ०.३२ | ०.०२ | १.२५ | ०.०९ |
| **जम्मा** | **६६९३.३३** | **८७.०८** | **१.३०** | **३०४.७** | **४.५५** |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

६. आर्थिक वर्ष २०८३/८४ भाद्र महिनामा प्राप्त कुल राजस्वमा कर राजस्व रू. २ अर्ब ३० करोड ६३ लाख र गैरकर राजस्व रू. ७२ करोड ८२ लाख रहेको छ। अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर राजस्व ११.९८ प्रतिशत र गैरकर राजस्व ८.२५ प्रतिशतले बढी प्राप्त भएको छ। आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा कर राजस्व रू. २ अर्ब ५ करोड ९४ लाख प्राप्त भएको थियो भने गैरकर राजस्व ६७ करोड २७ लाख प्राप्त भएको थियो।

**तालिका (४): पछिल्लो ३ आर्थिक वर्षको भाद्रसम्मको राजस्व तथा अन्य आय प्राप्ति**
(रु. करोडमा)

| विवरण | २०८१/८२ भाद्र | २०८२/८३ भाद्र | २०८३/८४ भाद्र |
|---|---|---|---|
| कर राजस्व | १९७.१५ | २०५.९४ | २३०.६३ |
| गैरकर राजस्व | ६२.७३ | ६७.२७ | ७२.८२ |
| **कुल राजस्व** | **२५९.८८** | **२७३.२१** | **३०३.४५** |
| संघीय अनुदान | ०.०० | ०.०० | ०.०० |
| नगद मौज्दात तथा अन्य | ५.५५ | २.९१ | १.२५ |
| **प्रदेश सरकारको कुल आय** | **२६५.४३** | **२७६.१२** | **३०४.७०** |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय/प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, २०८३

## प्रदेशगत मुद्रास्फीति

७. अघिल्लो वर्षको तुलनामा चालु आर्थिक वर्षको पहिलो दुई महिनामा महँगीको चाप बढेको छ। २०८३ भाद्र महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिती ५.७७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १.७२ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा प्रदेशगत आधारमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सबैभन्दा बढी मधेश प्रदेशको ७.८४ प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ५.१६ प्रतिशत रहेको छ।

**तालिका (ग): वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति** (प्रतिशत)

| प्रदेश | २०८२ भाद्र | २०८३ भाद्र |
|---|---|---|
| कोशी | २.९९ | ७.०७ |
| मधेश | १.७४ | ७.८४ |
| बागमती | **१.७२** | **५.७७** |
| गण्डकी | १.४७ | ६.०५ |
| लुम्बिनी | १.६७ | ६.५७ |
| कर्णाली | १.८५ | ५.५८ |
| सुदूरपश्चिम | १.८७ | ५.१६ |
| **समग्र मुद्रास्फीति (राष्ट्रिय)** | **१.६८** | **६.३४** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

८. श्रावण महिनामा मुलुकको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.९६ प्रतिशत रहेकोमा भाद्र महिनामा यस्तो मुद्रास्फीति ६.३४ प्रतिशत पुगेको छ। श्रावण महिनामा बागमती प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२९ प्रतिशत रहेकोमा भाद्र महिनामा यस्तो मुद्रास्फीति ५.७७ प्रतिशत पुगेको छ।

**तालिका (ग): चालु आर्थिक वर्षको प्रथम २ महिनाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति**
(प्रतिशत)

| प्रदेश | २०८३ श्रावण | २०८३ भाद्र |
|---|---|---|
| कोशी | ६.८४ | ७.०७ |
| मधेश | ६.९४ | ७.८४ |
| बागमती | ५.२९ | **५.७७** |
| गण्डकी | ५.८३ | ६.०५ |
| लुम्बिनी | ६.२१ | ६.५७ |
| कर्णाली | ५.५९ | ५.५८ |
| सुदूरपश्चिम | ४.६१ | ५.१६ |
| **समग्र मुद्रास्फीति (राष्ट्रिय)** | **५.९६** | **६.३४** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३